राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

बैठक संख्या : ३२

आज मिति २०८०/०७/२२ गतेका दिन राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री लल बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री लल बहादुर पौडेल | गा.पा. अध्यक्ष |
| २. | श्री मनिषा सिंह थारु | गा.पा. उपाध्यक्ष |
| ३. | श्री यम बहादुर खड्का | १ नं. वडा अध्यक्ष |
| ४. | श्री ज्ञानेन्द्र राज वली | २ " —— " |
| ५. | श्री मीन कुमार थारु | ३ " —— " |
| ६. | श्री मिन राज खड्का | ४ " —— " |
| ७. | श्री भगाह थारु | ५ " —— " |
| ८. | श्री लवराज खोले | ६ " —— " |
| ९. | श्री कमलरतन थारु | ७ " —— " |
| १०. | श्री सालिकराम डाँगी | ८ " —— " |
| ११. | श्री सोहनलाल थारु | ९ " —— " |
| १२. | श्री राधिका सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री यम कुमारी वली | " —— " |
| १४. | श्री गौरा डाँगी | " —— " |
| १५. | श्री सुमित्रा थारु | " —— " |
| १६. | श्री भान ब. वि.क. | " —— " |
| १७. | श्री केशवराज दमाई | " —— " |
| १८. | श्री ओम प्रकाश देवकोटा | प्र.प्र.अ (सचिव) |

| | | | |
|---|---|---|---|
| १९. | जनार्दन पौडेल | सू.प्र. अधिकृत | सहायक कर्मचारी |
| २०. | रजतिलक थापा | कम्प्युटर अपरेटर | " " |
| २१. | चेत बहादुर बोहरा | का.स. | " " |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या नं. ३२ स्थानः कुसुम मिति २०८०/०७/२२ गते

<u>प्रस्तावहरुः</u>

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. निर्देशिका, कार्यविधि तथा मापदण्ड स्वीकृत सम्बन्धमा।
३. नदीजन्य पदार्थको ठेक्का स्वीकृति सम्बन्धमा।
४. नदीजन्य पदार्थको पुनः ठेक्का सम्बन्धमा।
५. डुंगाघाट उत्राही ठेक्का आव्हानको अनुमोदन तथा ठेक्का स्वीकृति सम्बन्धमा।
६. आधारभूत स्वास्थ्य सेवा केन्द्र कमैयाडाँडाको पर्खाल निर्माण अपुग रकम सुनिश्चतता सम्बन्धमा।
७. बहुवर्षीय आयोजना निर्माण सम्बन्धमा।
८. आयोजनाहरुको म्याद थप सम्बन्धमा।
९. टोल विकास संस्थाहरुको लेखापरीक्षण खर्च अनुमोदन सम्बन्धमा।
१०. ईलाका प्रहरी कार्यालय कोहलपुरलाई सहयोग गर्ने सम्बन्धमा।
११. नेपालगंज म्याराथनलाई सहयोग गर्ने सम्बन्धमा।
१२. जाजरकोट तथा रुकुम पश्चिमका भुकम्प पीडितलाई सहयोग सम्बन्धमा।
१३. नीलसागर सेवाश्रम तथा मानव सेवा आश्रमलाई सहयोग गर्ने सम्बन्धमा।
१४. ढकेरीमा रहेको अस्थायी प्रहरी चौकी मर्मत सम्भार सम्बन्धमा।
१५. लक्ष्मी मा. वि. मदुई र सरस्वती मा. वि. भवनियापुरलाई गत आ. व. को रनिङ्ग शील्डको खर्च रकम उपलब्ध गराउने सम्बन्धमा।
१६. आर्थिक वर्ष २०७९/८० मा सञ्चालित मुक्त कम्लहरी आय आर्जन सिलाई कटाई तालिमको रकम भुक्तानी सम्बन्धमा।
१७. गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह मापदण्ड तथा रणनीतिक योजना स्वीकृत गर्ने सम्बन्धमा।
१८. सवारी साधनहरु मर्मत तथा सम्भार खर्च अनुमोदन सम्बन्धमा।
१९. गौशालामा कार्यरत गोठलाहरूलाई तलब उपलब्ध गराउने सम्बन्धमा।
२०. अटो तथा विद्युतीय रिक्साको दर्ता, नवीकरण तथा खारेजी शुल्क निर्धारण सम्बन्धमा।
२१. अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समिति गठन सम्बन्धमा।
२२. संस्थाहरुलाई कार्य सहमति दिने सम्बन्धमा।
२३. कानूनी सल्लाहकार नियुक्ती सम्बन्धमा।
२४. प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गर्ने सम्बन्धमा।
२५. विविध।

प्रमाणित
... देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरूबाट गरिएका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधेयक समितिमा पठाईएका तपसीलका निर्देशिका, कार्यविधि तथा मापदण्ड विधेयक समितिबाट प्राप्त राय अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

तपसीलः

(१) गुनासो व्यवस्थापन निर्देशिका, २०८०

(२) स्वयम् सेवक परिचालन निर्देशिका , २०८०

(३) राप्ती सोनारी गाउँपालिका नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

(४) आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८०

(५) सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

(६) पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९ (संसोधन २०८०)

(७) सामुदायिक विद्यालय दरबन्दी (शिक्षक तथा कर्मचारी) व्यवस्थापन मापदण्ड, २०८०

साथै तपसीलमा उल्लेखित निर्देशिका तथा कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधेयक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) दुध उत्पादक कृषक प्रोत्साहन अनुदान वितरण निर्देशिका, २०८०

(२) योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८०

**निर्णय नं. ३**

मिति २०८० असोज १६ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम २०८० असोज १९ गते प्रकाशित बोलपत्र नम्बर "2/RSRM-2080/81" अनुसार ठेक्का आव्हान गरिएकोमा तोकिएको समय सीमा भित्र प्याकेज नम्बर 'क' लागि प्रस्ताव पेश गर्ने श्री चुर कन्सट्रक्सन एण्ड ढकाल सप्लायर्स, सरावल गाउँपालिका-१, नवलपरासीको प्रस्तावित रकम रु. ८६७९६९०६।०७ (अक्षेरुपी आठ करोड सतसठ्ठी लाख छयानब्बे हजार नौ सय छ पैसा सात मात्र) को बोलपत्र मूल्यांकन समितिको सिफारिश, सार्वजनिक खरिद ऐन, २०६३ तथा राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम ७६(ख) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मिति २०८० असोज १६ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम २०८० असोज १९ गते प्रकाशित बोलपत्र अनुसार ठेक्का आव्हान गरिएकोमा तोकिएको समय सीमा भित्र प्याकेज 'ख' मा कुनै पनि आवेदन नपरेको परिप्रेक्षमा तपसील अनुसारको पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

| प्याकेज | सि.न . | नदी तथा खोला नालाको नाम | उत्खनन् परिणाम (घन फिट) | वातावरणीय र सडक मर्मत संभार शुल्क | जम्मा आम्दानी रकम |
|---|---|---|---|---|---|
| ख | १ | खैरी खोला | २१,१८,१५५ | ९ | १,९०,६३,३९५/- |
| | | | | अग्रीम आयकर | २,८५,९५०/९० |
| | | | | मूल्य अभिवृद्दि कर | २४,७८,२४१/३५ |
| | | | | कूल अनुमानित आम्दानी रकम | २,१८,२७,५८७/२५ |

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक २०८०/०७/२२

CS Scanned with CamScanner

<u>**निर्णय नं. ५**</u>

राप्ती सोनारी गाउँपालिकाको वार्ड नं. ७ र डुडुवा गाउँपालिकाको वार्ड नं. २ जोड्ने तपसीलका डुंगाघाटको भएको ठेक्का आव्हानलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपसील:**

| सि नं | घाटको नाम र स्थान | न्यूनतम बोल अंक (वार्षिक) | ५% धरौटी रकम |
|---|---|---|---|
| १ | राप्ती नदीको पिप्रहवा र खल्ला झगडिया, राप्ती सोनारी-७, फत्तेपुर | २,५१,०००/- | १२,५५०/- |
| २ | राप्ती नदीको सत्तीघाट, राप्ती सोनारी-७, फत्तेपुर | ८०,६७३/- | ४,०३४/- |

साथै रीतपूर्वक पर्न आएका शिलबन्दी दरभाउ पत्रहरु मध्यबाट प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको प्रतिवेदनका आधारमा तपसील अनुसारका शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने निर्णय गरियो।

| सि नं | घाटको नाम र स्थान | न्यूनतम बोल अंक (वार्षिक) | कबोल अंक | कबोल गर्ने व्यक्ति |
|---|---|---|---|---|
| १ | राप्ती नदीको पिप्रहवा र खल्ला झगडिया घाट, राप्ती सोनारी-७, फत्तेपुर | २,५१,०००/- | ५,००,०५१/-<br>पाँच लाख मात्र | समशुल हक खाँ<br>राप्ती सोनारी-७, फत्तेपुर |
| २ | राप्ती नदीको सत्तीघाट, राप्ती सोनारी-७, फत्तेपुर | ८०,६७३/- | १,१५,०००/-<br>एक लाख पन्ध्र हजार मात्र | नोखे लाल मल्लाह<br>राप्ती सोनारी-७, फत्तेपुर |

<u>**निर्णय नं. ६**</u>

राप्ती सोनारी-६ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र कमैयाडाँडालाई पर्खाल निर्माणका लागि लुम्बिनी प्रदेश सरकारबाट शशर्त अनुदानका विनियोजित रु. ५ (पाँच) लाखले मात्र अपुग हुने भई पूर्वाधार शाखाबाट प्राप्त लागत अनुमान अनुसार रु. ४,७३,९९९।८२ (अक्षेरुपी चार लाख त्रिहत्तर हजार नौ सय उनान्सय पैसा बयासी मात्र) रकम गाउँपालिकाको ३११५१ समपुरक योजनाहरु- संघ+प्रदेश तथा सडक वोर्ड समेतबाट श्रोत व्यवस्थापन गर्ने निर्णय गरियो।

<u>**निर्णय नं. ७**</u>

यस आर्थिक वर्ष २०८०/८१ का लागि राप्ती सोनारी वार्ड नं. २ मा खल्यान देखि मीन सेजुवालको घरसम्म नाली सहितको बाटो निर्माण कार्य सम्पन्न गर्न विनियोजन गरिएको रकम रु. २५ लाख पूर्वाधार शाखाबाट लागत अनुमान (६४,३४,४९६।७७) अनुसार अपुग हुने हुँदा बाँकी रकम आगामी आर्थिक वर्षमा व्यवस्था हुने गरी श्रोत सुनिश्चतता गर्ने र ठेक्का प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

<u>**निर्णय नं. ८**</u>

यस गाँउपालिकाको तपसीलका आयोजना तथा कार्यक्रमहरुलाई थप आर्थिक व्ययभार नपर्ने गरी तपसील अनुसारको समयसीमाका लागि म्याद थप गर्ने निर्णय गरियो।

| सि न | आयोजना/कार्यक्रमको नाम | सम्झौता अवधि | थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | भुवरभवानी मा. वि. विनौनाको ४ कोठे भवन निर्माण | २०८०/०२/३० | २०८०/०७/३० | |
| २ | ने. रा. मा. वि. गुलरीको ४ कोठे भवन निर्माण | २०८०/०२/३० | २०८०/०७/३० | |



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

**निर्णय नं. ९**

टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० को दफा [illegible] अनुसार यस गाउँपालिकामा दर्ता भएका १३५ (एक सय पैंतिस) वटा टोल विकास संस्थाहरुको लेखापरीक्षण खर्च प्रति टोल विकास संस्था बढीमा रु. ५,०००/- (अक्षेरुपी पाँच हजार) सम्म दिने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

ईलाका प्रहरी कार्यालय कोहलपुरको मिति २०८०/०७/२० च. न. ५१३ को पत्रानुसार तहाँ कार्यालयको पर्खाल निर्माण तथा मर्मतका लागि रु. २,५०,०००/- (दुई लाख पचास हजार मात्र) बराबरको सहयोग जनपद तथा सशस्त्र प्रहरी व्यवस्थापन (१-९) शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

अन्तर्राष्ट्रियस्तरमा पहिचान बनाउन सफल नेपालगंज म्याराथनले सहयोगका लागि गरेको अनुरोध बमोजिम यस गाउँपालिकाका खेलाडीहरुलाई उत्प्रेरणाका लागि प्रतिस्पर्धामा सहभागी गराउँदाको शुल्क र खेलाडी एवं प्रशिक्षक द्वय प्रताप थारु र कमला जैसीलाई उपलब्ध गराउने खाजा, खाना एवं खेल पोशाक वापत रु. २५ हजार र म्याराथन सञ्चालन बापत रु १ लाख दोहोरो सम्झौता गरी खेलकुद विकास समिति शीर्षकबाट जम्मा रु. १ लाख २५ हजार मात्र सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

जाजरकोट तथा रुकुम पश्चिममा मिति २०८०/०७/१७ गते राती गएको भुकम्प पीडितहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार रु. १ लाख बराबरको औषधि, १ लाख बराबरको खाद्यान्न, २०/२० त्रिपाल र कम्बल तथा भेरी अस्पातालमा उपचारार्थ घाइतेहरुको उपचारमा सेवा पुऱ्याउन १ जना मेडिकल अफिसर सहित अन्य ९ जना प्यारामेडिक तथा नर्सिङ्ग कर्मचारी खटाउदा लाग्ने खर्च विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने साथै नेपाल सरकारको आव्हान अनुसार यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुले मंसीर महिनाको सेवा सुविधा रकम एवं तलब सुबिधाबाट तपसील अनुसारको रकम प्रधानमन्त्री विपद् राहत उद्दार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**तपसील:**

| | | |
|---|---|---|
| गाउँपालिका अध्यक्ष रु. १० हजार | गाउँपालिका उपाध्यक्ष रु. ७ हजार | वडा अध्यक्ष रु. ५ हजार |
| कार्यपालिका सदस्य रु. ३ हजार | गाउँ सभा सदस्य रु. २ हजार | ज्ञान राज वली–एक महिना बराबरको सुविधा |
| अधिकृतस्तर कर्मचारी २ दिनको तलब | अन्य कर्मचारीको हकमा १ दिनको तलब | |

**निर्णय नं. १३**

यस आ. व. २०८०/८१ को वार्षिक विकास कार्यक्रममा विनियोजन गरिएको रु. ५ (पाँच) लाख मध्यबाट नीलसागर सेवाश्राम नेपालगंजलाई रु. ३ (तिन) लाख र मानव सेवा आश्रमलाई रु. २ (दुई) लाख सम्बन्धित संस्थाको माग, प्रस्तावना र कार्य प्रगति प्रतिवेदनका आधारमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

राप्ती सोनारी ९ ढकेरीमा रहेको अस्थायी प्रहरी चौकी मर्मत सम्भारका लागि वडा नं. ९ को सिफारिश बमोजिम कार्यालयमा पेश हुन आएको कागजातका आधारमा रु. १ लाखमा नबढ्ने गरी जनपद तथा सशस्त्र प्रहरी व्यवस्थापन (१-९) शीर्षकबाट भुक्तानी गर्ने गरी प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**निर्णय नं. १५**

गाउँपालिकास्तरीय अध्यक्ष कप रनिङ्ग शील्ड प्रतियोगितामा सहभागी भई प्रत्येक खेलमा प्रथम स्थान हासिल गर्ने खेलाडीहरुलाई मिति २०७९/११/२६ देखि २८ सम्म जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगितामा खेलाडी पठाउने लक्ष्मी मा. वि. मदुई र सरस्वती मा. वि. भवनियापुरले गरेको खर्च गत आर्थिक वर्षमा सम्बन्धित शीर्षकमा रकम अपुग भई भुक्तानी गर्न नसकिएकोले यस आ. व. को राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता तथा अध्यक्ष कप सञ्चालन खर्च शीर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १६**

आर्थिक वर्ष २०७९/८० मा सञ्चालित मुक्त कम्लहरी आय आर्जन सिलाई कटाई तालिम (१-९) तालिम सञ्चालन गर्ने मधेसी मुस्लिम महिला मञ्च नेपाल, बाँकेलाई गत आ. व. मा सम्झौता बमोजिम भुक्तानी दिन नसकिएकोले यस आर्थिक वर्षको २२५२२ मुक्त कम्लहरी सम्बन्धी कार्यक्रम शीर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १७**

यस गाउँपालिकासंग सम्झौता भई कार्यादेश प्राप्त VISION IT CONSULTANCY AND ENGINEERING SOLUTION PVT LTD ले पेश गरेको यस गाउँपालिकाको **सार्वजनिक सेवा प्रवाह मापदण्ड तथा रणनीतिक योजना** स्वीकृत गर्ने र सो निर्माण गरे वापत सो कम्पनीलाई रु. ४,९७,२००/- सेवा परामर्श शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १८**

यस गाउँपालिकाको नाममा रहेका तपसीलका सवारी साधनहरु मर्मत तथा सम्भारका लागि मिति २०८० श्रावण १ देखि २०८० कार्तिक १ गते सम्ममा भएको तपसील बमोजिमको खर्च प्राप्त बील भरपाईका आधारमा राप्ती सोनारी गाउँपालिका कार्य सञ्चालन निर्देशिका,२०७९ (संसोधन २०८०) को दफा प्रावधान अनुसार अनुमोदन गर्ने निर्णय गरियो।

तपसील:

| सि नं | सवारी साधन नं | बील अनुसारको खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | ग्रेडर बा १ ग ३५३२ | रू. ४,१३,४४०/- | |
| २ | महिन्द्रा पिक अप भ्यान भे १ झ ३२७ | रू. २,०८,५५९/- | |
| ३ | महिन्द्रा स्कारपियो जीप बा २ झ ४१५२ | रू. २,४८,१३३/३६ | |

**निर्णय नं. १९**

यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका तपसीलका गौशालामा कार्यरत गोठालाको पारिश्रमिक यस आ. व. को श्रावण देखि असोज मसान्तसम्म हुन आउने रकम सम्बन्धित वडा समितिको सिफारिशमा गौशाला व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने र यस उप्रान्त गौशालाको विकास र सम्बर्द्धनका लागि मात्र अनुदान कार्यक्रम उपलब्ध गराउन सकिने कुरा पशु सेवा शाखा तथा वडा समिति मार्फत सम्बन्धित गौशालालाई जानकारी गराउने निर्णय गरियो।

तपसील:

| सि नं | गौशालाको नाम | उपलब्ध गराउनु पर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | कुसुम छाडा चौपाया व्यवस्थापन समिति, रा. सो.- १ | रु. ३५,०००/- | |
| २ | राधा कृष्ण गौशाला, रा. सो.- ४ | रु. १,४४,०००/- | |
| ३ | श्री बैंकेटेश्वर गौशाला, रा. सो.- ९ | रु. ९४,६५२/- | |
| ४ | श्री बाबा वर्फानी गौशाला, रा. सो.- ४ | रु. १,००,०००/- | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. २०

राप्ती सोनारी गाउँपालिकाले अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८० को दफा ५(१) बमोजिम गाउँपालिकाभित्र सञ्चालन हुने अटो तथा विद्युतीय रिक्साको दर्ता, नवीकरण तथा खारेजी गर्दा लाग्ने शुल्क यस गाउँपालिकाको आर्थिक ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी तपसील अनुसारको कर निर्धारण गर्ने निर्णय गरियो।

**तपसील:**

| सि नं | करको विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दर्ता | रु. १२००/- | |
| २ | नवीकरण | रु. ५००/- | तोकिएको समयमा नवीकरण नभएमा दोब्बर दस्तुर लाग्नेछ। |
| ३ | खारेजी | रु. ५००/- | |
| ४ | रुट परमिट | रु. ५००/- | अर्धवार्षिक |

## निर्णय नं. २१

राप्ती सोनारी गाउँपालिकाले अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८० को दफा ३(१) बमोजिम गाउँपालिकाभित्र अटो तथा विद्युतीय रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटनारहित ढङ्गबाट सेवा सुचारु एवं सुव्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न तपसील अनुसारको अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल:**

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) गाउँकार्यपालिका पूर्वाधार विकास समिति संयोजक — सदस्य

(ङ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, बाँके — सदस्य

(च) प्रतिनिधि, ईलाका प्रहरी कार्यालय, धामपुर — सदस्य

(छ) प्रतिनिधि, अस्थायी ट्राफिक प्रहरी पोष्ट, शम्शेरगंज : — सदस्य

(ज) अटो तथा विद्युतीय व्यवसायीहरु मध्ये २ जना

श्री सोहन थारु राप्ती सोनारी ७ (९८६४७९६४३१) — सदस्य

श्री लोक बहादुर वली राप्ती सोनारी ४ (९८४८०१५६०६) — सदस्य

(झ) पूर्वाधार शाखा प्रमुख — सदस्य - सचिव

## निर्णय नं. २२

यस गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने चाहने तपसीलका गैर सरकारी संस्थाहरुलाई सहमति दिने निर्णय गरियो।

| सि न | संस्थाको नाम | कार्य/विषय क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | सेवक नेपाल | विपद् | |
| २. | वर्ल्ड भिजन इन्टरनेशनल | कृषि | |

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

**निर्णय नं. २३**

बाबा इन्फ्रा प्रोजेक्टस प्रा. लि. ले यस गाउँपालिकोलाई [illegible] लाई श्री उच्च अदालत तुल्सीपुर, नेपालगंज इजलास, बाँकेमा दायर गरेको रिट नं ०८०-WO-००७३ उत्प्रेषण परमादेश मुद्दाको जवाफ तथा बहस पैरवीका लागि विद्वान अधिवक्ता श्री गणेश प्रसाद थारुलाई कानूनी सल्लाहकार तोक्ने निर्णय गरियो।

**निर्णय नं. २४**

नेपाल सरकारबाट स्वीकृत भएका राप्ती सोनारी गाँउपालिका विभिन्न रिक्त पद पूर्तिका लागि प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलको मिति २०८०/०७/१९ च. न. ४३१ को पत्रानुसार माग भई आएकोले यथाशीघ्र माग आकृति फारम भरी पत्राचार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २५ विविध।**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) जाजरकोट तथा रुकुम पश्चिममा मिति २०८०/०७/१७ गते राती गएको भुकम्पमा परी मृत्युवरण गर्नुहुने नलगाड नगरपालिकाकी उपप्रमुख सरिता सिंह लगायत सम्पूर्णको चीर शान्तिको कामना गर्दै शोक सम्तप्त परिवारजनमा समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना।

(ख) २०८० श्रावण महिनामा राप्ती सोनारी गाउँपालिकामा आएको चट्याङ्ग, हावाहुरी र भुकम्पका कारण पशु चौपायको मृत्यु र घरमा भएको क्षतिका लागि वडाको सिफारिश, घरधुरी सर्वेक्षण, नागरिताको फोटोकपी, प्रहरी मुचुल्का लगायतका कागजातका आधारमा प्रचलित कानून र निर्णयको परिधि भित्र रही विपद् व्यवस्थापन कोषबाट तपसील अनुसार राहत उपलब्ध गराउने।

| सि न | नामथर | ठेगाना | घटना मिति | सहायता रकम | क्षतिको किसिम |
|---|---|---|---|---|---|
| १ | बुद्धिराम थारु | रा.सो.गा.पा. ६ | २०८०/७/०८ | रु. ५,०००/- | गोरुको मृत्यु |
| २ | साउनी क्षेत्री | रा.सो.गा.पा. ६ | २०८०/६/२९ | रु. १०,०००/- | भैंसीको मृत्यु |
| ३ | चन्द्र प्रकाश वि क | रा.सो.गा.पा. २ | २०८०/७/१७ | रु. ५,०००/- | घरको आंशिक क्षति |
| ४ | राम कृष्णी थारु | रा.सो.गा.पा. ४ | २०८०/६/१२ | रु. ५,०००/- | घरायसी सामाग्री |

(ग) राप्ती सोनारी -३, बैसामा राप्ती नदीको कटानबाट क्षति हुनबाट रोक्न यस कार्यालयको अनुरोध तथा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशमा प्राप्त ग्याबिन जाली भरी तटबन्ध गर्दा लागेको इन्धन तथा खाजा खर्च वापतको रकम विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने गरी अनुमोदन गर्ने।

(घ) अर्जुनवाण गण शमसेरगंजको अनुरोधमा गणको कार्यालय परिसरमा रहेको बाटो तथा मैदान सम्याउनका लागि यस गाउँपालिकाबाट सहयोगमा पठहाइएको ग्रेडर तथा रोलरमा लागेको डिजेल परिणाम १२० (एक सय बीस मात्र) लिटर वापतको खर्च अन्य निकाय सहयोग शीर्षकबाट खर्च लेख्ने गरी अनुमोदन गर्ने।

(ङ) आधारभूत स्वास्थ्य सेवा केन्द्र, कमैयाडाँडामा सञ्चालित प्रस्तुती सेवा केन्द्रमा आवश्यक पर्ने वर्थिङ्ग सहयोगी कर्मचारी (करार) नियुक्ति प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(च) राप्ती सोनारी वार्ड नं ४ र ९ को कार्यालयबाट प्राप्त पत्रानुसार सो कार्यालयहरुमा डोर हाजिरमा कार्यरत कर्मचारीहरुलाई वडाको सिलिङ्गबाट भुक्तानी हुने गरी प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(छ) राष्ट्रिय थारु कलाकार मञ्च, जिल्ला कार्य समिति, बाँकेको मिति २०८०/०६/१७ च. न. ०६ अनुसार थारु कला संस्कृतिको उत्थान, थारु भेषभुषा हाम्रो पहिचान भन्ने कार्यक्रम सहित जिल्ला अधिवेशनका

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner